भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०७७ श्रावण १ गते देखि २०७७ असोज मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०७७ कार्तिक ५ गते

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
फोन नं. ०५६५२०१६७, ०५६५२१४६७, ०५६५२५७७१
फ्याक्स नं. ०५६५२५७७१
टोल फ्री नं. १६६०५६५२२२२
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्लाः चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- घरधुरीः ६९,०३५ जनसंख्याः २,८०,५०२ महिलाः १,४६,५०१ पुरुषः १,३४,००१ साक्षरता प्रतिशतः ८५.२५ (जनगणना २०६८ बमोजिम)
- कार्यरत कर्मचारी संख्याः ६००
- उचाई १४० मिटरदेखि ३९० मिटरसम्म
- औसत तापक्रमः न्यूनतम १०० से. देखि अधिकतम ४००.०० से. सम्म
- विद्यालयः प्रा. वि. ६०, नि. मा. वि. ३६, मा. वि. ८१, उच्च मा. वि. ३९, विश्व विद्यालय १ र इन्जिनियरिङ्ग कलेज १

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ३३५ रहेकोमा हाल ६०० जना कार्यरत रहेका छन् ।

## ४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० (व्यवसायिक प्रयोजन १०००) |
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |

| | | | | |
|---|---|---|---|---|
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको अधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २८ | विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |

| | | | | |
|---|---|---|---|---|
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

| | | | | |
|---|---|---|---|---|
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

**५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

**६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमराज जोशी समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

**७. सम्पादन गरेको कामको विवरण**

**राजस्वतर्फ :**

१ चालु आ.व. २०७७/०७८ को लागि कूल राजस्व रू. ३ अर्ब ३१ करोड ६४ लाख ८९ हजारमध्ये आन्तरिक श्रोत तर्फ रू. ९० करोड अनुमान गरिएको थियो । उक्त आन्तरिक राजस्वका श्रोतका शीर्षकहरूमा मुख्य रूपमा घर वहाल करतर्फ रू. ८ करोड, नक्सा पास दस्तुरतर्फ रू. ७ करोड २० लाख, एकीकृत सम्पत्ति करतर्फ रू. ४ करोड, व्यवसाय दस्तुरतर्फ रू. ६ करोड, विभिन्न सिफारिस दस्तुरतर्फ रू. ७ करोड, अन्य क्षेत्र आय रू. ४० करोड, अन्य बिक्रीमा ढुङ्गा, गिट्टी लगायतका बिक्रीबाट जम्मा रू. ६ करोड ८० लाखसमेत गरी राजस्व प्रक्षेपण गरिएकोछ ।

२ मिति २०७७ साल पौष २३ गतेसम्म महानगरपालिको आन्तरिक राजस्व रू २२ करोड २७ लाख ९९ हजार १४ रूपैयाँ सङ्कलन भएको छ । जुन गत आ.व.को सोही

अवधिको तुलनामा ४.४१ प्रतिशत अर्थात् रू. ९८ लाख ३३ हजार ४३६ सय ४६ ले कमी हो ।

३ विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को प्रभाव लगायतका कारण महानगरपालिकाको आन्तरिक आयमा केही कमी आएको छ । यद्यपी यस अवधिसम्मको आन्तरिक आयको तथ्याङ्कलाई विश्लेषण गर्दा निराशाजनक अवस्था भने देखिंदैन ।

४ चालु आ.व. को बाँकी अवधिमा लक्ष्य अनुसार राजस्व असूलीका लागि साना-ठूला करदातको सूचीकरण, वडामा स्थलगत रूपमा कर शिक्षा र स्थलगत रूपमा व्यवसाय दर्ता अभियान सञ्चालन, करदाताको कर अभिलेखाङ्कन डिजिटाइजेसन तथा अनलाइन भुक्तानीको व्यवस्था जस्ता उपायहरू अवलम्बनमा जोड दिई करको दायरा फराकिलो पार्दै करदातामैत्री प्रणाली विकास मार्फत् करको लक्ष्य हासिल गर्न सकिने अवस्था छ ।

**आर्थिक प्रशासनतर्फः**

१. चालु आ.व. व्ययतर्फ हालसम्मको वित्तीय प्रगति चालुतर्फ २७.६८ र पूँजीगततर्फ २१.१५ प्रतिशत रहेको छ । हालको अवस्थामा सन्तोषजनक मात्र नसकिए पनि निराशाजनक अवस्था नरहेको जानकारी गराउन चाहन्छु ।

२. राजश्व र व्ययको अवस्था र सुधारका उपायहरू आदरणीय उपप्रमुखज्यूबाट प्रस्तुत हुने ।

३. पूरक बजेटमा विस्तारमा प्रस्तुत गरिनेछ ।

**पूर्वाधारतर्फ**

**गौरवका आयोजनाहरू**

**महानगरपालिका आफ्नो लगानीमा सञ्चालन भएका योजनाहरुः**

- **भरतपुर मेट्रो ल्पाजा (Bharatpur Metro Plaza)**

भरतपुर महानगरपालिका वडा नं. ३ मा महानगरको स्वामित्वमा रहेको करिव ११ कठ्ठा जग्गामा PPP Model मा बहुद्देश्यीय भवन निर्माणको प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणमा रहेको छ । निर्माण अवधि ३ वर्ष र सञ्चालन अवधि २७ वर्ष गरी जम्मा ३० वर्षको लागि निजी क्षेत्रलाई निर्माण सञ्चालन तथा हस्तान्तरण विधिबाट निर्माण हुने गरी आगामी १ महिनाभित्र सम्झौता गर्ने गरी तयारी कार्य भइरहेको छ ।

- **गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला**

देशकै गौरवको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको लागि महानगरको पहलमा प्राप्त भएको जग्गामा निर्माण कार्य तीव्र रूपमा अगाडि बढेको छ | महानगरपालिकाको सक्रियतामा सञ्चालन भएको धनधान्यांचल महायज्ञको माध्यमबाट करिव रू. ७० करोड रकम सङ्कलन गरेको तथा आन्तरिक स्रोतबाट यसै आ.व. मा रू. ४ करोड अनुदान स्वरूप उपलब्ध गराएको छ । क्रिकेट रङ्गशाला परिसरमा हालै राष्ट्रिय क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ भने अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न सकिने गरी मैदान तयारी हुँदैछ | यसबाट खेल पर्यटनको विकास हुने अपेक्षा लिइएको छ ।

- **खानेपानीतर्फ**

  नगरबासीलाई शुद्ध र गुणस्तरीय पिउने पानी प्रवाह गर्न व्यवस्थित खानेपानी सञ्जाल निर्माण गरी खानेपानी वितरण प्रणाली व्यवस्थित गर्न महानगरपालिकाको सह-लगानीमा शारदानगर खानेपानी आयोजनाका लागि रू. ६२ करोड, भरतपुर ११ को जखडीमाई खानेपानी आयोजनाका लागि रू. ३७ करोड, दिव्यनगर खानेपानी आयोजनाका लागि रू. २६ करोड, पार्वतीपुर खानेपानी आयोजनाको लागि रू. १८ करोड, मेघौली खानेपानी आयोजनाको लागि रू. १८ करोड, धनगढा खानेपानी आयोजनाका लागि रू. २१ र गीतानगर खानेपानी आयोजनाका लागि रू. ५ करोड, दिव्यनगर खानेपानी आयोजनाको लागि रू. ३ करोड ५० लाख, पटिहानी खानेपानी आयोजनाको लागि रू. ५ करोड, देवनगर खानेपानी आयोजनाको लागि रू. ३ करोड ५० लाख, शिवनगर खानेपानी आयोजना रू. १८ करोड, चौकीडाँडा खानेपानी (लिफ्टिङ्ग) आयोजना गरी २ अर्ब ४१ करोड भन्दाबढीका आयोजनाहरू सञ्चालनमा छन् भने केही आयोजनाहरू सम्पन्न भइसकेका छन् । यी सबै आयोजना सम्पन्न हुँदा भरतपुरको खानेपानी प्रणाली व्यवस्थित हुने अपेक्षा लिइएकोछ ।

- **मेयरसँग महिला तथा जोखिममा परेका समुदायसँग मेयर कार्यक्रम**

  मेयरसँग महिला तथा जोखिममा परेका समुदायसँग मेयर कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यक्रम साथै आर्थिक विपन्न छात्राहरूलाई साइकल वितरण र क्षमता विकास लगायतका कार्यक्रमका लागि कार्यविधि तयार गरी कार्यान्वयनको चरणमा रहेको छ ।

- **कृषि विकासका लागि यान्त्रिकीकरण कार्यक्रमः**

  सामुहिक खेत ीतर्फ कृषकहरू आकर्षित गरी कृषि उत्पादनमा वृद्धि तथा रोजगारी सृजना हुनुका साथै आयात प्रतिस्थापन हुने विश्वास लिइएको यस कृषि विकासका लागि यान्त्रिकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि तयार भएको छ । यस अन्तर ्गत कृषकलाई कृषि उपकरण उपलब्ध गराउने लगायतका कार्यक्रमहरू रहेका छन ् ।

- **नारायणी नदी किनारलाई Sea Beach मोडेलमा विकास गर्ने**

  भरतपुर महानगरपालिकाको वडा नं. १ र ३ को नारायणी नदी किनारालाई Sea Beach मोडेलमा विकास गरी स्वदेशी तथा विदेशी पर्यटक आकर्षण गरी आर्थिक क्रियाकलापमा वृद्धि गर्ने प्रयोजनको लागि Master Plan सहित गत आ.व.मा महानगरबाट रू. १ करोड रकम खर्च भई फुटपाथ बनेको तथा यस आ.व.मा पर्यटन मन्त्रालयबाट करिब ७ करोडको टेन्डर आह्वान भइसकेको छ ।

- **यातायात कार्यालय स्थापना सम्बन्धी कार्य**

  यातायात कार्यालयको स्थापनाको लागि महानगरपालिकाको तर्फबाट DPR तयारी कार्य अगाडी बढेको छ । यस कार्यालयको स्थापनाबाट स्थानीय राजश्वमा वृद्धि, स्थानीय आर्थिक क्रियापकलापहरूमा वृद्धि र स्थानीय बासिन्दाले सहज रूपमा सुविधा प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

**महानगरपालिकको सक्रियता र समन्वयमा निर्माण गरिएका योजनाहरुः**

१. **हुलाकी सडक**

   हाकिमचोक जगतपुर हुलाकी सडकमध्ये हाकिमचोकबाट पकौडीसम्म हालको ५ मि. सडकलाई ७ मि. कालोपत्रे बनाउने र बाँकी ६ कि.मि. सडकखण्डलाई सतहढल निर्माणसमेत गरी स्तरोन्नति गर्ने कार्य भइरहेको छ ।

२. **भरतपुर विमानस्थल**

   भरतपुर विमानस्थल तोकिएको मापदण्डभन्दा कम भई जोखिमयुक्त भएको र हालको मागलाई धान्न ठूला विमान ल्याउन आवश्यक समेत भएकोले विमानस्थल विस्तार एवं सुधार गर्नका लागि विगत लामो समयसम्मको प्रयासपछि विभिन्न चरणमा छलफल गरि गति लिएको छ । यसको निर्माण कार्य निकट भविष्यमा हुने विश्वास लिएको छ ।

३. **चौबिसकोठी मेघौली सडकखण्ड (सहायक राजमार्ग) -**

   चौबिसकोठी - रामपुर चनौली - मेघौली सडकखण्डमध्ये हालसम्म रामपुर - चनौलीखण्ड निर्माण सम्पन्न भएको छ | साथै चनौली - मेघौली सडकखण्डको निर्माण र मर्मत कार्य अगाडी बढिरहेको छ ।

४. **सिटी हल (City Hall)**

महानगरको गौरवको योजनाको रूपमा रहेको सिटीहल निर्माणको लागि रू. ८८ करोड सघन सहरी तथा भवन आयोजनाबाट ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भइसकेको छ ।

५. **पुल्चोक गोन्द्राङ ६ लेन सडकः**
सडक विभागबाट निर्माणाधिन यस सडकको रू. १ अर्ब १२ करोडको ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भइसकेको छ । यस सडकको निर्माणबाट आधुनिक र व्यवस्थित फुटपाथ सहितको सडक निर्माण हुनुको साथै महानगरको सौन्दर्यमा वृद्धि हुनेछ । साथै सहरी विकास कार्यालयमार्फत् लक्ष्मीनारायण मन्दिर, रानीपोखरी पार्क, विरामी कुरूवा घर, भरतपुर केन्द्रीय बस टर्मिनल गरी रू. ३१ करोडको काम अन्तिम चरणमा पुगेका छन् ।

६. **स्मार्ट सडकबत्ति**
महानगरपालिकाको पहल र २०% लागत सहभागितामा रू. २० करोडको लागतमा निर्माणाधिन यस योजनामा नेपाल विद्युत प्राधिकरणबाट बोलपत्र आह्वान भई सम्झौता भएर सात महिनाभित्र कार्य सम्पन्न गर्ने गरी कार्य प्रारम्भ भइसकेको छ ।

७. **महानगररीय रिङरोडः**
करिब ९५ कि.मि. महानगरीय रिङ्गरोडको लागि सडक विभागबाट DPR तयार भइसकेको छ । सहरी विकास तथा भवन निर्माण विभागबाट ११.५ कि.मि. सडक निर्माण कार्य सम्पन्न हुने चरणमा छ । सडक विभागबाट यही आ.व.मा रिङ्गरोड निर्माणका लागि बाँकी खण्ड ठेक्कापट्टा गर्ने गरी आवश्यक कार्य अगाडि बढाइएको छ । रिङ्गरोडको केही खण्ड महानगरको बजेटबाटसमेत स्तरोन्नति गरिएको छ ।

**अन्य कार्यक्रमहरुः**

१. जनप्रतिनिधिहरूको बहाली २०७४ साल श्रावण पश्चात् २०७७ साल असार मसान्तसम्ममा सम्पन्न भएका कामको प्रगति समेटिएको पुस्तक तयार गरी यसै सभा समक्ष प्रस्तुत भएको छ । यसबाट यस अवधिमा वडा र महानगरपालिका तथा संघ र प्रदेशबाट प्राप्त बजेटबाट भएका कामको जानकारी हुने विश्वास लिएको छु ।

२. महानगरमा हुनसक्ने विपद्को तत्काल जानकारी लिने र सोको व्यवस्थापन गर्नको लागि महानगरमा आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना यही अवधिमा भएको छ । यसबाट समन्वयात्मक रूपमा विपद्को तत्काल व्यवस्थापन गरी जनधनको नोक्सानी हुनबाट रोक्ने विश्वास लिइएको छ ।

३. नागरिकमैत्री सेवाको लागि सूचना प्रविधि पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धनको लागि महानगर परिसरमा मुख्य प्रशासकीय भवन निर्माणको DPR तयारी भई भवन निर्माणको लागि नक्शा पास तथा शिलान्यासको प्रकृया अगाडि बढेको ।

४. महानगरपालिकाको अग्रसरतामा सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजनाबाट सञ्चालन भएका गौरवका १२ वटै आयोजनाहरूको प्रगति सन्तोषजनक छ । यी आयोजनाहरूबाट महानगरको पश्चिम क्षेत्रको आर्थिक क्रियाकलापमा व्यापक वृद्धि भई जीवनस्तरमाथि उकासिने विश्वास गरिएको छ ।

५. आकस्मिक मर्मत सम्भारका लागि प्रत्येक वडाबाट प्राप्त ३ वटा योजनाको लागत अनुमान तयार गरी कार्यान्वयनको प्रकियामा रहेका छन् । महानगरपालिकाको आन्तरिक रू. ६ करोड ९२ लाखका २२ वटा योजना र सडक बोर्ड नेपालको संयुक्त लगानीमा रू. २ करोड ३५ लाखबाट ८ वटा सडक मर्मत योजना स्वीकृत भई कार्यान्वयनको चरणमा छन् । यसबाट करिव ४० कि.मि. सडक मर्मत हुनेछ ।

६. गत आ.व. का क्रमागत एवं भुक्तानी हुन बाँकी योजनाहरूमा कुल रकम रू. ८५ करोड अनुमान रहेकोमा जम्मा ४७ करोड रूपैया मात्र भुक्तानी भई धेरै योजना अझै सम्पन्न हुन नसकेको अवस्थामा रहेको छ । यसले गर्दा हाम्रो कार्य सम्पादन क्षमता न्यून रहेको देखिनुका साथै चालु आ.व.का आयोजना कार्यान्वयनमा समेत बाधा पुग्ने देखिन्छ ।

७. निर्वाचन क्षेत्र पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत संघीय संसद सदस्यको १६ वटा र प्रदेश सदस्यका ४६ वटा गरी कुल ६२ योजना स्वीकृत भई लागत अनुमान तयार गर्ने र सम्झौता गर्ने काम भइरहेको छ।

८. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत गत आ.व.मा वडा नं. १३ र १६ मा १०/१० वटा घर निर्माण गर्ने कार्य सम्पन्न भएकोछ भने यस आ.व. २०७७/०७८ मा वडा नं. १४, १६, २२, २३ र २८ मा २५/२५ लाख र महानगरपालिका र स्थानीय समितिको ५ लाख बजेटबाट सम्झौता भई निर्माणको चरणमा रहेको छ |

९. भवन निर्माणतर्फ महानगरपालिकाबाट १ हजार वर्ग फिटभन्दा माथि क्षेत्रफल भएका भवनको नक्सापासका लागि प्राप्त ६४९ मध्ये १८६ वटा भवनको नक्शा पास भइसकेको छ । त्यसैगरी २५० वटा भवनको प्रथम चरणको नक्शा पास भएको छ भने ६६६ वटा भवनको निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराइएको छ । यी सबै कार्यबाट महानगरपालिकाले रू. १ करोड ६८ लाख राजस्व सङ्कलन गरेको छ ।

१०. आजका मितिसम्म महानगरपालिकाको बजेटबाट १३० वटा भन्दाबढी आयोजानहरू सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन् भने वडास्तरीय बजेटबाट सञ्चालन गर्ने भनिएका अधिकांश आयोजनाहरू सम्झौता भई निर्माणको चरणमा रहेका छन् ।

११. प्रदेश सरकारबाट समपूरक अनुदान स्वरूप प्राप्त रू. ३ करोड र महानगरको रू. ४ करोड थप गरी जम्मा रू. ७ करोड लागतमा ३ वटा आयोजनाहरूको टेण्डर भई सम्झौता चरणमा रहेको छ ।

१२. संघीय सरकार समपूरक अनुदान प्राप्त बजेटबाट वडा नं. ७ मा साइकल लेन, ढल तथा फुटपाथ सहितको सडक र वडा नं. १३ मा पक्की सडक निर्माण कार्य भईरहेको छ ।

१३. महानगरपालिकाबाट गत आ.व.मा टेण्डर भएका ११८ वटा आयोजनामध्ये ९० वटा आयोजनाहरू सम्पन्न भइसकेका छन् भने बाँकी २८ वटा आयोजना निर्माण सम्पन्न हुने चरणमा छन् । यस आ.व. मा हालसम्म ५९ वटा आयोजनाहरू टेण्डर भइसकेको छ ।

१४. भरतपुर महानगरपालिकाले १८ वटा वडा कार्यालयहरू नयाँ निर्माण, मर्मत र स्तरोन्नति गरी व्यवस्थित रूपमा सञ्चालनमा ल्याएको छ ।

**प्रशासन/जनशक्ति विकासतर्फ**

१. चालु आ.व. को यसअवधिमा महानगरपालिकाका १४७ जना जनप्रतिनिधिहरू र ५९९ जना कर्मचारीहरूको कोरोना बीमा गरिएको छ ।

२. महानगरपालिकामा रिक्त रहेका प्राविधिक/अप्राविधिक सेवाका अधिकृतस्तर छैठौं तहसम्मका १४३ जना दरबन्दीमा स्थायी पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गरी पठाइको छ ।

३. उद्यम विकास सहजकर्ता छनौट गरी जिम्मेवारी दिइएको छ भने भूमि व्यवस्थापन कामका लागि २० जना कर्मचारी पदपूर्तिका लागि सूचना प्रकाशन भइसकेको छ ।

४. यस अवधिमा विभिन्न किसिमका तालिम, गोष्ठी, सभा र सेमिनारमा भर्चुअल माध्यामबाट जनप्रतिनिधि एवं कर्मचारीबाट सहभागिता जनाइएको छ ।

**कृषितर्फ**

१. चिस्यान सहितको प्याकिंग हाउस निर्माण, साना किसानहरूलाई कृषि ऋणमा व्याज अनुदान, चैते धान प्रवर्द्धन कार्यक्रम, एक वडा एक फलफूल/तरकारी/पुष्प नर्सरी स्थापना, डिप बोरिङ्ग निर्माण/नहर कूलो

मर्मत कार्यक्रम, लगायतका १५ वटा स्वीकृत कार्यक्रमहरूको मिति २०७७/९/१ र २०७७/९/१२ मा सूचना प्रकाशन गरी काम अगाडि बढाइएको छ ।

२. गत आ.व.को कृषि क्षेत्रको क्रमागत योजनाहरू सम्पन्न हुने क्रममा रहेका छन् ।

३. नेपाल सरकार सशर्त अनुदानतर्फ कृषि सहकारी संस्था मार्फत् भरतपुर महानगरपालिका वडा नं. २१, पार्वतीपुरमा खाद्य गोदाम घर निर्माण सहयोग लागत साझेदारीमा कार्यक्रम सम्झौता भई निर्माणको क्रममा रहेको छ ।

**पशु विकासतर्फ**

१. यस अवधिमा १० हजार ७ सय ४२ गाई, १ हजार २ सय ८६ भैंसी र ५९ बाख्रा गरी जम्मा १२०८७ पशुहरूमा कृत्रिम गर्भाधान गरिएको छ ।

२. गाईभैंसीहरूमा बाँझोपन निवारण घुम्ती घरदैलो शिविर १ पटक सम्पन्न भएको छ ।

३. आकस्मिक उपचार/इपिडेमिक नियन्त्रण १ पटक सम्पन्न (लम्पी स्किन डिजिजको नियन्त्रण) गरिएको छ ।

४. २ हजार ७० पशुवस्तुहरूमा खोप लगाइएको, २२ हजार १ सय ५५ पशुपन्छीहरूको उपचार गरिएको, २ हजार ३ सय ९० गोवर परीक्षण गरिएको छ ।

५. चालु आ.व. को अनुदान कार्यक्रम कार्यान्वयनका लागि पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ तयार गरी सूचना प्रकाशन भई प्रस्तावकहरूको प्रारम्भिक मूल्याङ्कनको काम शुरू भएको छ ।

**शिक्षातर्फ**

१. कोभिड-१९ को संक्रमण, नियन्त्रण र रोकथामको उपाय एवं मापदण्ड अवलम्बन गरी विद्यार्थी सिकाइ सहजीकरण सुचारू गरिएको छ ।

२. बाल विकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा दिवा खाजाको व्यवस्था कार्यान्वयमा ल्याइएको छ ।

३. सिकाइमा प्रविधिको प्रयोगलाई बढावा दिन सबै सामुदायिक विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याइएको छ ।

४. जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने सिद्धान्त अनुसार अगाडि बढाइएको सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षक दरबन्दी मिलानको कार्य सम्पन्न भएको छ ।

५. चालु आ.व. को विद्यालय भौतिक सुदृढीकरण कार्यक्रमका लागि विद्यालय छनौट भई सम्झौताको कार्य भइरहेको छ ।
६. प्राविधिक शिक्षा अध्यापन हुने कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गर्ने, विद्यार्थी संख्या उच्च भएका र टाढा-टाढाबाट विद्यार्थी ओसार्न पर्ने अवस्था भएका ५ वटा सामुदायिक माध्यामिक विद्यालय बस खरिदका लागि प्रति विद्यालय रू. २० लाख उपलब्ध गराउने गरी विद्यालय छनौट गरी सम्झौता सम्पन्न भएको छ ।
७. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरी छात्रहरूलाई निःशुल्क सेनिटरी प्याड वितरणका लागि ई-विडिङ्ग मार्फत् खरिदको कार्य अन्तिम चरणमा पुगेको छ ।
८. यस अवधिमा विद्यालय पूर्वाधार विकास र पुनःनिर्माणतर्फ ५७ वटा विद्यालयमा भवन, खानेपानी र शौचालय निर्माण भएका छन् ।
९. भरतपुर बहुप्राविधिक शिक्षालयमा रू. १ करोडको लागतमा भवन निर्माण कार्य सुरुभएको छ ।

**युवा र खेलकुदतर्फ**

१. युवाको सहभागितामा अन्तर्राष्ट्रिय युवा दिवस, अन्तर्राष्ट्रिय स्वयंसेवा दिवस लगायतका दिवसहरूमा रचनात्मक कार्यक्रमसहित मनाइएको छ । महानगर युवा सञ्जालको अगुवाइमा युवा स्वयंसेवकहरूबाट हरेक शनिबार भरतपुर अस्पतालको नियमित सरसफाइ कार्य अभियानका रूपमा अगाडि बढिरहेको छ ।
२. निर्माणाधिन गौतमबुद्ध अन्तरार्ष्ट्रिय क्रिकेट रङ्गशाला परिसरमा हालै महानगरको रू. १० लाख सहयोगमा राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । भरतपुर महानगरपालिकाले यस क्षेत्रको विकासका लागि एक वडा एक खेलमैदान कार्यक्रमलाई अगाडि बढाइरहेको छ ।

**सहकारीतर्फ**

१. एक व्यक्ति एउटा विषयको एक सहकारी संस्थामा मात्रै रहन पाउने संघीय नीति कार्यान्वयनमा प्रतिवद्ध र क्रियाशील रहन निर्देशन दिइएको छ ।

२. सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६ बमोजिम उत्पादनमूलक सहकारी संस्थाहरूलाई क्रमागतमा रहेको कार्यक्रमबाट अनुदान प्रदान गरिनेछ ।

३. सहकारी मार्फत ब्याज अनुदान सहितको स्वरोजगार कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा रहेको छ।

४. सहकारीकर्मी र सहकारी संघ/संस्थाहरूसँग नियमित अन्तर्क्रिया र सहजीकरण गरी सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन र विकासको लागि तालिम दिने कार्य प्रारम्भ गरिएको छ ।

**पर्यटनतर्फ**

१. यस आर्थिक वर्षमा विभिन्न वडामा ७३ वटा मठ-मन्दिर निर्माण गर्ने योजाना अनुरूप हालसम्म ३७ वटा योजनाको सम्झौता भई निर्माणको चरणमा रहेको छ । पर्यटन क्षेत्रको समग्र विकासका लागि भएका पर्यटकीय क्षेत्रको विकास र नयाँ गन्तव्य रूपमा भरतपुर २२ मा निर्माण गरिएको अम्ब्रेला स्ट्रिट महानगरको नयाँ र नवीन पर्यटकीय केन्द्र बनेको छ ।

**उद्योगतर्फः**

१. यस वर्ष चितवन उद्योग संघसँगको सहकार्यमा उद्योग दिवस मनाइएको छ ।

२. भरतपुर महानगरपालिका वडा नं. २१ मा उद्योगग्राम निर्माणको DPR तयारी भइसकेको र कम्पाउण्ड वाल लगाउन टेण्डर भइसकेको छ । थप बजेटका लागि संघीय सरकारको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको छ भने वडा नं. २० मा प्रदेश सरकारको सहयोगमा निर्माण हुने उद्योगग्राम प्रदेश सरकारबाट टेण्डर लगाउने काम भएको छ ।यसबाट स्थानीय स-साना लघु तथा घरेलु उद्योगको विकास र स्थानीय रोजगारी सृजना हुनुका साथै आर्थिक कृयापकलापमा वृद्धि हुने विश्वास लिइएको छ ।

**वातावरण, हरियाली प्रवर्द्धन तथा पार्क निर्माण**

१. यस अवधिमा फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागितामा बोलपत्र आह्वान भई फोहोर व्यवस्थापन गर्न सम्झौताको लागि अन्तिम तयारीमा रहेको छ ।

२. दीर्घकालिन र व्यवस्थित रूपमा फोहर व्यववस्थापनका लागि कोरिया सरकारको सहयोगमा जलदेवी सामुदायिक वन क्षेत्रभित्रको १५ विगाहा जग्गामा DPR तयारी भई साइट क्लिरिएन्स गरिएको र दोस्रो चरणको पूर्वाधार निर्माणका लागि कोरिया सरकारबाट १० मिलियन डलर उपलब्ध गराउने सैद्धान्तिक सहमति भएको छ ।

३. महानगरभित्र पार्क निर्माण अन्तर्गत रानीपोखरी पार्क, राइनो पार्क लगायतका पार्कहरू निर्माणको क्रममा रहेका छन् । साथै वडा नं. ५,६,७,१४,१९ र २२ लगायतका स्थानमा पनि पार्कहरू निर्माणाधिन अवस्थामा छन् । यसैगरी वडा नं. २४ को देवीस्थान पार्कलाई सुविधा सम्पन्न र आधुनिक बनाई आन्तरिक तथा वाह्य पर्यटक आकर्षण गर्न संघीय सरकारको रू. १ करोड लगानी गर्ने गरी कार्य आरम्भ भएको छ । यी पार्कको निर्माण सम्पन्न पश्चातः महानगरको सुन्दरतामा वृद्धि हुनुका साथै आयआर्जन र मनोरञ्जनात्मक क्रियापकलापहरूमा वृद्धि हुनेछ ।

४. नर्सरी निर्माण तथा विरूवा उत्पादन कार्यक्रम अन्तर्गत महानगरपालिकाको वडा नं. १९ को चिल्ड्रेन पार्कसँग सम्झौता भएको छ | यसबाट महानगरपालिकाको लागि आवश्यक फलफूल र अन्य प्रजातिका विरूवाहरू सस्तो मूल्यमा प्राप्त गर्न सकिनेछ ।

५. महानगरपालिकाभित्र गठित विभिन्न टोल विकास संस्थाहरू र अन्य संस्थालाई फलफूल तथा जडिबुटीको विरूवा वितरण गरी हरियाली प्रवर्द्धनका काम सुचारू गरिएको छ |

**सामाजिक तर्फ**

१) महानगरभित्रका अपाङ्गता भएका १२१ जना व्यक्तिहरूलाई परिचय पत्र वितरण गरिएको छ |

२) विपन्न वर्गका छात्राहरूलाई विद्यालय शिक्षा निरन्तरताका लागि २९२ जनालाई साइकल प्रदान गरिएको छ | यो वर्ष पनि निरन्तरता दिइनेछ ।

३) मानव वेचविखन विरूद्धको दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस र लैङ्गिक हिंसा विरूद्धको दिवसमा भर्चुअल विधिबाट सरोकारवालाहरू बीचको सहकार्यमा कार्यक्रम सञ्चालन भएको छ ।

४) अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदाय परिचालन कार्यक्रमहरू कार्यान्वयनका लागि कार्यविधि बमोजिमको समुदायमा आधारित पुनःर्स्थापना कार्यक्रम (सि.आर.वि.) समन्वय समितिको बैठक बसी संस्था छनौटको सूचना प्रकाशन भएको छ ।

५) लैङ्गिक हिंसा निवारण कार्यविधि नगर कार्यपालिकाको वैठकबाट पारित र प्रमाणीकरण भई स्थानीय तहको लैङ्गिक हिंसा निवारण कोषमा रकम जम्मा गरी कोष स्थापना भएको छ ।

**स्वास्थ्य तर्फ**

१. कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्वारेंनटाईन, आइसोलेसन व्यवस्थापन, पि.सि.आर. परीक्षण, स्वाब संकलन, कन्टयाक्ट ट्रेसिङ्ग, संक्रमितहरूको व्यवस्थापन लगायतका क्रियाकलापहरू सञ्चालन गरिएको छ । यस अवधिमा जम्मा ५ हजार ५ सय १२ जनाको स्वाब संकलन गरी परीक्षण गरिएको छ ।

२. प्रदेशस्तरीय आयुर्वेद अस्पताल निर्माणका लागि वडा नं. १४ र १५ मा २ विगाहा जग्गा उपलब्ध गराइएको छ ।

३. स्वास्थ्य संस्थाहरूबाट २४ घण्टा प्रसूती सेवा प्रदान गरिएको छ ।

४. नियमित खोप सेवा सञ्चालनका लागि स्वास्थ्य संस्था नभएका स्थानहरूमा र कम स्वास्थ्यकर्मी भएका संस्थाहरूमा ५ जना खोप कार्यकर्ता खटाई सेवा नियमित गरिएको छ ।

५. गर्भवती जाँच, सुत्केरी सेवा तथा उत्तर प्रसूती सेवा ४ पटक गर्भ जाँच र स्वास्थ्य संस्थामा सुत्केरी हुँदा प्रोत्साहन भत्ता र यातायात खर्च प्रदान गरिएको छ ।

६. जन्मेदेखि १५ महिनाभित्रको उमेर समूहका विभिन्न ११ रोग विरूद्ध खोपबाट बचाउन सकिने रोगहरूको निगरानी गरिएको छ ।

स्वास्थ्य संस्था नभएका र स्वास्थ्य संस्थाको पहुँच वृद्धि नभएका वडाहरूमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन गर्ने नीति अनुसार ७ वटा आधारभूत

स्वास्थ्य केन्द्र, २ वटा नगर स्वास्थ्य केन्द्र र १ वटा सामुदायिक स्वास्थ्य इकाईबाट नियमित रूपमा सेवा सञ्चालन गरिएको छ ।

**सूचना तथा प्रविधि**

१. विगत ३ वर्षको प्रगति समीक्षा पुस्तिका प्रकाशन, विपद् सम्बन्धी ३ वटा ई-वुलेटिन तथा सूचनाको हक सम्बन्धी त्रैमासिक वुलेटिन प्रकाशन गरिएको छ ।
२. महानगरपालिकाको वडा नं. २९ मा बाँकी रहेको नेपाल टेलिकमको इन्टरनेट जडान गर्ने कार्य सम्पन्न भएको छ।
३. महानगरपालिकाका २९ वटै वडाहरूको लागि अफिसियल इमेल तयार गरी सञ्चालनमा ल्याइएको छ ।
४. हेल्लो सरकारमा परेका ८ वटा गुनासा सवै सम्बोधन भएका छन्।

**यातायात व्यवस्था**

१. साना सार्वजनिक सवारी साधन जम्मा ६७४ अभिलेखीकरण भएको र सोमध्ये ५७५ वटा साना सार्वजनिक सवारी साधनमा स्टिकर टाँस्ने काम सम्पन्न भइसकेको छ ।
२. महानगरपालिकाभित्रका विभिन्न १३ वटा रूटमा साना सवारी साधन सञ्चालन भएका छन् ।
३. यस आ.व. मा मौजुदा रूटमा सामान्य सवारी साधनको रूट परिवर्तन तथा नयाँ ३० वटा साना सवारी साधन थपगरी स्टिकर टाँस्नको लागि माग भई आएकोमा माग अनुसार स्वीकृति दिइएको छ ।

**विपद् व्यवस्थापन**

१) विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारी यस महानगरमा पनि परेको कुरा विदितै छ । यस अवधिमा महानगरपालिकाले संक्रमित भई सामान्य लक्षण समेत भएका व्यक्तिहरूको उपचार गर्नको लागि प्रदेश सामाजिक विकास मन्त्रालयको समेत सहयोगमा बागेश्वरीमा सुबिधा सम्पन्न १०० शैयाको आइसोलेसन केन्द्रको स्थापना गरी सम्पूर्ण व्यवस्थापन गरी ४१२ जना विरामीलाई उपचार गरेको छ । यस कामको लागि कुल रू. ८९ लाख ८२ हजार २३० खर्च भएको छ र यही माघ महिनादेखि बन्द गर्ने निर्णय गरिएको छ ।

२) २०७७ सालमा अधिक वर्षाका कारण भएको आवासको पूर्ण र आंशिक क्षतिको विवरण संकलन तथा तत्काल व्यवस्थापन कार्य सम्पन्न गरिएको र शीतलहरबाट प्रभावित हुनसक्ने स्थानमा बस्ने व्यक्तिको विवरण संकलन गरी आवश्यक व्यवस्थापनको तयारी गरिएको छ |

३) भरतपुर महानगरपालिका वडा न. २७ र २८ को न्युरे चोकमा नारायणी नदीको बाढी नियन्त्रणको लागि प्रभावकारी समन्वय र नदी नियन्त्रण कार्यका लागि महानगरको श्रोत परिचालन गरी स्थानीय बासिन्दालाई सुरक्षित गरिएको छ | नारायणी र राप्ती नदीको किनारमा व्यवस्थित तटबन्धनको DPR तयार भइसकेको छ । आगामी आ.व.बाट निर्माणका कामहरू सुरू हुनेछ ।

४) विपद्जन्य घटनाबाट घर तथा आवास क्षेत्रमा भएको क्षति अनुसार ४३ घर परिवारलाई तत्कालिन राहत व्यवस्थापनको लागि प्रतिघर रू. १०,००० सम्मको दरले राहत वितरण गरिएको छ |

५) यु.एन.डी.पी.को सहयोगमा ४ दिने अग्नि नियन्त्रण तालिम र २ दिने जोखिम स्थानान्तरण कार्यशाला गोष्ठी सम्पन्न भएको छ |

६) महानगरको वडा नं. २९ मा आएको हुरी बतास सहितको असिनापानीबाट भएको क्षतिको लागी रू १८ लाख रूपैयाँ दिने निर्णय गरिएको छ ।

७) यस अवधिमा कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि मित्र राष्ट्र चीन, UNDP र सामाजिक संघसंस्था तथा व्यक्तिहरूबाट विभिन्न स्वास्थ्य सामग्री प्राप्त भएको छ । उहाँहरूको सहयोगको लागि महानगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

**भू-उपयोग तथा बस्ती विकास**

१. केरूङ्गा खोला सौन्दर्यकरणको लागि DPR तयारी अन्तिम चरणमा पुगेको र संघ र प्रदेश सरकारसँग बजेटको लागि माग गरिएको छ |

२. संघीय कार्यक्रम अन्तर्गत वड़ा नं. २१, पार्बतीपुरमा १० बिगाहा जग्गामा औधोगिक ग्रामको DPR सम्पन्न भई compound wall निर्माणको लागि ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको छ |

३. भरतपुर महानगरपालिकाको बहुतले प्रशासनिक भवनको DPR सम्पन्न भई नक्सा पास प्रक्रिया अगाडि बढेको छ । भवन निर्माणको लागि टेण्डर गर्ने तयारी गरिएको छ |

४. महानगरको नगर यातायात गुरूयोजना (MTMP) बनाउन वड़ाबाट बाटोहरूको लागत संकलन गरिएको र गुरूयोजनाको काम आरम्भ भएको छ |

**अन्तरिक व्यवस्थापन तथा खरिद शाखा**

१. कार्यालयका लागि आवश्यक सामग्री खरिद सम्बन्धी कार्य बोलपत्र मार्फत् खरिद गर्नका लागि आपूर्तिकर्ता छनौट भई सोही बमोजिम काम भइरहेको छ ।

२. महानगरको गत आ.व.को जिन्सी निरीक्षण कार्य सम्पन्न भइसकेको छ ।

३. चालु आ.व.को श्रावणदेखि मंसिरमसान्तसम्म ईन्धनमा रू. ४२ लाख, सवारी साधन मर्मतमा रु. २१ लाख र घर तथा जग्गा भाडा वापद् रू. १५ लाख १९ हजार खर्च भएको छ ।

**शासकीय सुधार इकाइ शाखा**

१. महानगरमा परेका विभिन्न उजुरीहरूमा १० वटा उजुरी फछ्यौंट भएका छन् ।

**८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

कार्यालय प्रमुखः प्रेमराज जोशी, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)

प्रवक्ता :अरुण पीडित भण्डारी ( वडा अध्यक्ष - १० )

सूचना अधिकारी: मेनका पण्डित, सूचना अधिकृत

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः**

**यस चौमासिकमा २ वटा ऐन (संशोधन संख्या ३) कार्यविधि, ५ वटा (संशोधन संख्या १) निर्देशिका र १वटा मापदण्ड पारित गरिएको ।**

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

२०७७ कार्तिक १ गते देखि २०७७ पौष मसान्तसम्मको आय विवरण :

| सि.नं. | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम (रु.) |
|---|---|---|---|
| 1 | 11313 | सम्पत्ति कर | 1,63,70,408.09 |
| 2 | 11314 | भुमिकर/मालपोत | 1,06,53,683.13 |
| 3 | 11321 | घरवहाल कर | 2,01,43,374.99 |
| 4 | 11443 | शिक्षा सेवा शुल्क-निजि शैक्षिक | 30,000.00 |
| 5 | 11472 | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | 3,68,314.00 |
| 6 | 11613 | व्यवसाय रजिष्ट्रेशन दस्तुर | 1,64,27,080.00 |
| 7 | 14151 | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | 7,88,529.34 |
| 8 | 14177 | घरजग्गा रजिष्ट्रेशन | 72,425.00 |
| 9 | 14213 | अन्य बिक्रीबाट प्राप्त रकम | 2,27,150.00 |
| 10 | 14218 | विद्युत सेवा शुल्क | 60,315.00 |
| 11 | 14219 | अन्य सेवा शुल्क | 20,67,872.00 |
| 12 | 14223 | शिक्षा क्षेत्रको आम्दानी | 4,500.00 |
| 13 | 14242 | नक्सापास दस्तुर | 2,39,50,091.21 |
| 14 | 14243 | सिफारिश दस्तुर | 1,75,23,596.82 |
| 15 | 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | 1,21,929.00 |
| 16 | 14245 | नाता प्रमाणित दस्तुर | 5,12,475.00 |
| 17 | 14249 | अन्य दस्तुर | 58,04,822.23 |

| | | | | |
|---|---|---|---|---|
| **18** | **14312** | **प्रशासनिक दण्ड ,जरिवाना र जफत** | **2,500.00** | |
| **19** | **14529** | **अन्य राजस्व** | **2,35,62,105.37** | |
| **मिति 2077/07/01 देखि 2077/09/29 सम्म सम्मको जम्मा रु** | | | | **13,86,91,171.18** |
| **मिति 2077/04/01 देखि 2077/06/30 सम्म सम्मको अ.ल्या जम्मा रु.** | | | | **9,96,76,538.10** |
| **जम्मा :** | | | | **23,83,67,709.28** |

**व्यय विवरण** :

असोज मसान्त सम्मको खर्च विवरण

| **विनियोजित रकम** | **बार्षिक बजेट (रु हजारमा)** | **खर्च रकम (रु हजारमा)** |
|---|---|---|
| १ चालुतर्फ | १,८७,६६०८ | ५३५४२९ |
| २ पूँजिगततर्फ | २३१९८८० | ५०३२९६ |
| जम्मा | ४१९६४८८ | १०३८७२५ |

## ११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः

यस आ.ब.०७७/७८ को पहिलो त्रैमासिक मा भरतपुर महानगरपालिकामा सूचना माग सम्बन्धी निबेदन दर्ता देहाय बमोजिम रहेको छः—

| क्र स | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | दाखिला प्रतिवेदन नम्वर १०७ मा खरिद भएको सामाग्रीको विलको प्रतिलिपि २०७६/११/०६ | २०७७/६/२८ | १ | सूचना उपलब्ध गराइएको । |

| | | | | |
|---|---|---|---|---|
| २ | भरतपुर महानगरपालिकाको वडा नं ५ को कार्यालय भवनको नक्सा सम्बन्धित विवरण | २०७७/८/१६ | ३६४५ | सूचना उपलब्ध गराइएको |
| ३ | महानगरपालिकामा संघ संस्था दर्ता सम्बन्धमा जानकारी | २०७७/९/३ | ४६१२ | सूचना उपलब्ध गराइएको |